# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

इटहरी उपमहानगरपालिका कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था:२०७३

## इटहरी उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

प्रथम/दोश्रो पटक प्रकाशित मिति २०८०।०२।२६ गते

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०८०।८१ का लागि आर्थिक ऐन २०७९ को दफा २०, प्रचलित कानुन तथा इटहरी उपमहानगरपालिकाको राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले देहायका शर्त बन्देजको अधीनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र खरिद तथा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम् वार्षिक ठेक्का अङ्क रु. (मु.अ.क. सहित) | धरौटी | बोलपत्र फारम दस्तुर | कैफयत |
|---|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/16R/2079/080 (राजस्व) | साप्ताहिक शनिबारे हाटकर वडा नं. ११, १२ खनार | एक वर्ष | २७,२२,५००। | कबोल अङ्कको ५% | रु.३०००। | दोश्रो पटक |
| २. | ITR/NCB/18R/2079/80 (राजस्व) | सवारी पार्किङ तथा पुर्वाधार उपयोग शुल्क | एक वर्ष | ४५,२०,०००। | कबोल अङ्कको ५% | रु.३०००। | प्रथम पटक |

शर्तहरु:

- फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०७८।०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थानीय तहमा भएको व्यवसाय दर्ता प्रमाणपत्र, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड इटहरीको राजस्व खाता नं ०५९०३०००००१००१००००० मा नगद जम्मा गरेको भौचर पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड इटहरीको

चरित्र मेहता
...कीय अधिकृत

धरौटी खाता नं. ०५९०३०००००३०००००००००१ मा जम्मा गरी सो को बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ।

- बोलपत्र पेश गर्ने अन्तिम समय सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मा जारी भए बमोजिम हुनेछ।
- सवारी पार्किङ तथा पुर्वाधार उपयोग शुल्क इटहरी बसपार्क वडा नं. ९, पुर्व लाइन बस स्टेशन, पश्चिम लाइन म्याजिक स्टेशन, बिराटनगर लाइन बस स्टेशन, धरान लाइन बस स्टेशन र रिजाल टासी छेउको ट्याक्सी स्टेशनमा रोकेर राखेका सवारी साधनमा मात्र संकलन गर्नुपर्नेछ।
- बोलपत्र सम्बन्धी विस्त्रित जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध हुनेछ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बिचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।
- विस्त्रित जानकारीको लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था:२०७३

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत